आकाशवाणी समाचार

National News : 27/09/2026

प्रमुख समाचार

१) प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'मन की बात' कार्यक्रम को १३८ औं शृंखला अन्तर्गत देशवासी संग आफ्ना विचार साझा गर्नुभयो ।

२) विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले, न्यानोमेडिसिनले आगामी पुस्ताको सटीक र व्यक्तिगत स्वास्थ्य सेवालाई अघि बढाउने बताउनु भयो ।

3) केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहद्वारा गुजरातको साबरमतीमा १५०० करोड रुपैयाँभन्दा बढी लागतका विभिन्न रेल विकास आयोजनाहरूको शिलान्यास एवं उद्घाटन ।

4) केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावत, अनुसार पर्यटन क्षेत्र रोजगारी, स्थानीय अर्थतन्त्र र विकासको मजबुत आधार बनिरहेको भनाइ ।

**प्रधानमन्त्री मन की बात' कार्यक्रम को १३८ शृंखला

प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'मन की बात' कार्यक्रम को १३८ औं शृंखला अन्तर्गत देशवासी संग आफ्ना विचार साझा गर्नुभयो उहाँले राष्ट्रिय सुरक्षाका विषयमा बोल्दै नियन्त्रण रेखा पारि गरिएको २०१६ को सर्जिकल स्ट्राइकको स्मरण गर्नुभयो। उहाँले 'अपरेसन सिन्दूर' जस्ता कदमहरूलाई सीमापार आतङ्कवाद विरुद्ध भारतको 'जीरो टोलेरेन्स' नीतिको ठोस प्रमाणका रूपमा प्रस्तुत गर्नुभयो। सुशासनका सम्बन्धमा, उहाँले जारी डिजिटल जनगणनाको प्रगतिबारे जानकारी गराउँदै पहिलो चरणमा ३२ करोडभन्दा बढी परिवारको विवरण दर्ता भइसकेको र नागरिकहरूलाई उपलब्ध पोर्टल मार्फत स्व-गणना गर्न प्रोत्साहन गर्नुभयो।

सांस्कृतिक सम्पदाको सन्दर्भमा, प्रधानमन्त्रीले, राम जन्मभूमि आन्दोलनमा योगदान पुऱ्याएनु भएका पूर्व विश्व हिन्दु परिषद नेता अशोक सिङ्घलको १०० औँ जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले सन् १०२६ मा सोमनाथ र मोढेरा सूर्य मन्दिरमाथि भएका ऐतिहासिक आक्रमणहरूको स्मरण गर्दै मोढेरा कसरी अहिले भारतको पहिलो १००% सौर्य ऊर्जाबाट चल्ने गाउँ ('सूर्य ग्राम') मा रूपान्तरण भएको उजागर गर्नुभयो। श्री मोदी ले सम्बोधनमा युवा र जनसहभागितामा आधारित विकासमा जोड दिनुभएको छ । प्रधानमन्त्रीले १०० हप्ता लामो 'नशा मुक्त युवा अभियान' बारे विशेष उल्लेख गर्दै भन्नुभयो ।

**मन्त्री डा. जितेन्द्र सिंह: न्यानोमेडिसिन

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले न्यानोमेडिसिनले आगामी पुस्ताको सटीक र व्यक्तिगत स्वास्थ्य सेवालाई अघि बढाउने, बताउनुभएको छ, श्री सिंह आज नयाँ दिल्लीमा आयोजित 'वर्ल्ड कंग्रेस अन न्यानोमेडिसिन २०२६'लाई सम्बोधन गर्दै हुनुहुन्थ्यो , मन्त्रि श्री सिंहले बताएअनुसार अनुसार, बायोटेक्नोलोजी विभागले १७४ करोड रुपैयाँको बजेटमा न्यानोमेडिसिनका २१० वटा अनुसन्धान परियोजनालाई सहयोग गरिरहेको छ। बिरामीको वंशाणुगत संरचना र जीवनशैलीका आधारमा कोशिकीय स्तरमै सटीक उपचार गर्न न्यानोटेक्नोलोजीले नयाँ सम्भावनाहरू खोलेको र भारत आफ्नै प्रविधि विकास गर्ने दिशातर्फ अघि बढेको उहाँले उल्लेख गर्नुभयो।

***********************************************

***मन्त्री अमित शाहले गुजरातको साबरमतीमा १५००

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले गुजरातको साबरमतीमा १५०० करोड रुपैयाँभन्दा बढी लागतका विभिन्न रेल विकास आयोजनाहरूको उद्घाटन, शिलान्यास गर्नुभएको छ। गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलको उपस्थितिमा मन्त्री शाहले साबरमती स्टेसनबाट देशकै पहिलो एलएनजी सञ्चालित रेलको हरियो झण्डा देखाएर उद्घाटन गर्नुभयो।

यस रेलमा डिजेल र एलएनजी दुवैबाट चल्ने डुअल-फ्युल प्रणाली राखिएको छ, । श्री शाहले साबरमतीमा WAG-12 लोकोमोटिभ मर्मतसम्भार सेडको उद्घाटन गर्नुका साथै स्वदेशी सुरक्षा प्रणाली 'कवच'को शिलान्यास गर्नुभयो

****************************

विश्व पर्यटन दिवस

संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले विश्व पर्यटन दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै पर्यटन क्षेत्र रोजगारी, स्थानीय अर्थतन्त्र र विकासको मजबुत आधार बनिरहेको बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा पर्यटनलाई 'विकसित भारत' को आर्थिक आधार बनाउन व्यापक प्रयास भइरहेको बताउनुभयो । उहाँले देशको समृद्ध सम्पदा, संस्कृति र प्राकृतिक विविधतालाई लाखौँ युवाका लागि नयाँ अवसरको माध्यम बनाउनुपर्नेमा जोड दिँदै भारतलाई विश्वकै अग्रणी पर्यटकीय गन्तव्य बनाउने संकल्पलाई अझ मजबुत बनाउन, आह्वान गर्नुभयो।

पर्यटन दिवसका अवसरमा गृहमन्त्री अमित शाहले पनि देशवासी तथा विश्वभरका पर्यटकहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ। श्री शाहले पर्यटनले विभिन्न समुदाय, संस्कृति र समाजबारे ज्ञान बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। यसैगरी, लोकसभा अध्यक्ष ओम बिडलाले पर्यटन केवल दृश्य अवलोकन मात्र नभई कुनै पनि देशको सम्पदा, प्रकृति र परम्परालाई बुझ्ने र जोडिने अवसर भएको बताउनुभयो।

**************************

**सेवा संकल्प अभियान

प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक सेवामा २५ वर्ष पूरा भएको अवसरमा प्रस्तुत 'जनसेवाबाट देशसेवा' विशेष श्रृंखलाअन्तर्गत **नमो भारत र्यापिड रेललाई आधुनिक भारतको एक प्रमुख पूर्वाधार उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ। विकास र सुशासनको संकल्पलाई सार्थक बनाउँदै कार्यान्वयनमा ल्याइएको यो भारतकै पहिलो क्षेत्रीय द्रुत ट्रान्सिट प्रणाली हो, जसले दिल्ली-मेरठ करिडोरलाई १६० किमी प्रतिघण्टाको गतिमा जोडेर यात्राको समय ६० मिनेटभन्दा कममा सीमित गरेको छ। यो प्रविधिले यात्रुहरूलाई सहज, सुरक्षित र वातावरणमैत्री यात्राको सुविधा प्रदान गर्दै सन् २०४७ सम्म 'विकसित भारत' निर्माण गर्ने लक्ष्यमा महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको छ। प्रस्तुत छ यो रिपोर्ट

*एसियाली खेलकुद*

जापानको आइची-नागोयामा भइरहेको एसियाली खेलकुद २०२६ को स्क्वास खेलमा भारतका पुरुष तर्फ अभय सिंह र महिला तर्फ अनाहतसिंह दुवैले रजत पदक प्राप्त गरेका छन्, यसैगरी, एथलेटिक्सतर्फ महिला २०० मिटर दौडमा भारतकी हरिता भद्राले कास्य पदक जित्न सफल भएकी छन् । भारतले हालसम्म ४ स्वर्ण, १४ रजत र १५ कास्य पदक जित्दै पदक तालिकाको ११ औँ स्थान ओगट्न सफल भएको छ।

प्रमुख समाचार पुनः एक पटक

१) प्रधानमन्त्री नरेन्द्र मोदीले आज 'मन की बात' कार्यक्रम को १३८ औं  शृंखला अन्तर्गत  देशवासी संग आफ्ना विचार साझा गर्नुभयो।

२) विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले, न्यानोमेडिसिनले आगामी पुस्ताको सटीक  र व्यक्तिगत स्वास्थ्य सेवालाई अघि बढाउने बताउनु भयो।

3) केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहद्वारा  गुजरातको साबरमतीमा १५०० करोड रुपैयाँभन्दा बढी लागतका विभिन्न रेल विकास आयोजनाहरूको शिलान्यास एवं उद्घाटन।

4) केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावत, अनुसार पर्यटन क्षेत्र रोजगारी, स्थानीय अर्थतन्त्र र विकासको मजबुत आधार बनिरहेको भनाइ ।